# स्थानीय राजपत्र

## लिम्चुङबुङ गाउँपालिका

खण्ड (५) संख्या (७) बाराहा, उदयपुर १ नं प्रदेश नेपाल
२०७८/१०/७

## भाग-२

## दुग्ध व्यवसाय प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि-२०७८

लिम्चुङबुङ गाउँ सभाको वैठकबाट स्वीकृत भएको ऐन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम लिम्चुङबुङ गाउँपालिकाको स्थानीय राजपत्र सम्बन्धी कार्यविधि २०७४ अनुसार सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संबत् २०७८ सारको कार्यविधि नं ०७**

# दुग्ध व्यवसाय प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि-२०७८

**१. प्रस्तावना**

लिम्चुङबुङ गाउँपालिकाको बर्तमान श्रोत,साधनबाट आवश्यकताहरु पुर्ति गरि कृषक/कृषक समुह/ कृषि सहकारीहरु मार्फत अपेक्षित उपलब्धिहरु प्राप्त गर्न कठिन देखिएकोले यस कार्यालयको समानीकरण अनुदान अनुसार बार्षिक स्विकृत पशु सेवा कार्यक्रम अर्न्तगत दुध तथा दुग्धजन्य वस्तु उत्पादन तथा उत्पादकत्व वृद्धि जस्ता कार्य/क्षेत्रमा कृषक समूह वा कृषि सहकारी संस्थाहरुसंगको साझेदारीमा संचालन गरी कृषकहरुको आवश्यकता र मागलाई सम्बोधन गरी पशुपालन व्यवसायलाई व्यवसायिक बनाउदै स्वच्छ, सफा, स्वस्थ एंव गुणस्तरीय दुध तथा दुग्धजन्य पदार्थ आम उपभोक्ता समक्ष सहज र सरल रुपमा पुग्नको लागि यस पालिकाले दुग्ध व्यवसाय प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि २०७८ ल्याएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "दुग्ध व्यवसाय प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि-२०७८" रहेको छ ।

(ख) यो कार्यविधि लिम्चुङबुङ गाउँपालिका गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा**

**विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-**

क) "दुग्ध व्यवसाय प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि-२०७८" भन्नाले दुग्ध व्यवसाय प्रवर्द्धन कार्यक्रम संचालनको लागि विधि भन्ने वुझिन्छ ।

ख) "दुग्ध व्यवसाय प्रवर्द्धन कार्यक्रम " भन्नाले दुध तथा दुग्धजन्य उत्पादन तथा उत्पादकत्व वृद्धि ( दुध,छुर्पि,पनिर,घ्यू,चिज,दहि,आदि), प्रशोधन, ग्रेडिङ, प्याकेजिङ, बजारीकरण, ढुवानी सम्वन्धि कृयाकलापलाई जनाउँछ ।

ग) "कृषक" भन्नाले कृषक स्थायी रुपमा गाउँपालिकामा बसोवास गरिएको व्यक्तिलाई जनाउदछ ।

घ) "सम्बन्धित गाउँपालिका" भन्नाले लिम्चुङबुङ गाउँपालिका भन्ने बुझ्नु पर्छ ।

ङ) "पशु सेवा शाखा" भन्नाले लिम्चुङबुङ गाउँपालिका अर्न्तगतको पशु सेवा शाखा भन्ने बुझ्नु पदर्छ ।

च) "परियोजना" भन्नाले यस लिम्चुङबुङ गाउँपालिकाबाट संचालन हुने अध्यक्ष कृषि परियोजनालाई सम्झनु पर्दछ ।

ज) "सम्बन्धित जिल्ला" भन्नाले उदयपुर जिल्लालाई सम्झनु पर्दछ ।

**३. उद्देश्य**

यस कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेको छ ।

क) दुध तथा दुग्धजन्य उत्पादनलाई वृद्धि गरी कृषकको आय अभिवृद्धि र जीवनस्तर उकास्न सहयोग पुर्याउने ।

ख) दुध तथा दुग्धजन्य पदार्थ उत्पादन गरी आत्मनिर्भर कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यन्वय गर्ने ।

ग) दुग्ध व्यवसाय उत्पादन तथा उत्पादकत्व वृद्धि गरी आयात प्रतिस्थापन र निर्यात अभिवृधि गर्न ।

घ) पशुधनको सुरक्षा गरी जनस्वास्थ्यमा पर्ने असर न्यूनिकरण गर्न ।

ङ) पशु रोग नियन्त्रण गरी उत्पादनमा सहयोग पुऱ्याउने ।

च) जैविक विविधता संरक्षण गर्दै वातावरण अनुकुलन कार्यक्रम सञ्चालन गर्ने ।

## परिच्छेद-२

## दुग्ध व्यवसाय प्रवर्द्धन कार्यक्रम संचालन विधि

**४. कार्यक्रम संयोजक र निजको दायित्व**

**४.१ कार्यक्रम संयोजक :** दुग्ध व्यवसाय प्रवर्द्धन को लागि लिम्चुङबुङ गाउँपालिका अध्यक्ष कृषि परियोजनाको प्रमुखलाई कार्यक्रम संयोजक तोकी जिम्मेवारी दिने वा निज नभएको खण्डमा प्रमूख प्रशासकिय अधिकृतले कुनै कर्मचारीलाई संयोजक तोकी जिम्मेवारी सुम्पिनुपर्नेछ ।

**४.२ कार्यक्रम संयोजकको दायित्व :**

संयोजकले गाउँपालिकामा दुग्ध व्यवसाय प्रवर्द्धन कार्यान्वयनका क्रममा देखिएको समस्या हेरी सम्वन्धित विषय विशेषज्ञ र भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र, उदयपुर र पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय, बिराटनगर सम्म समन्वय गरि समस्या समाधानार्थ कार्यहरु गर्नुपर्नेछ । प्रत्येक परियोजना सम्वन्धि भए गरेका कार्यहरुको अभिलेख संयोजकले राख्नुपर्नेछ ।

**५. कार्यक्रम संचालन हुने स्थान :** लिम्चुङबुङ गाउँपालिका भित्र रहेको क्षेत्रमा सम्भाव्यताको आधारमा यस कार्यक्रम संचालन गरिनेछ ।

**६. कार्यक्रम सञ्चालन पक्रिया**

**६.१ कार्यक्रम सञ्चालन हुने स्थान :**

लिम्चुङबुङ गाउँपालिका पशु सेवा शाखामा अध्यक्ष कृषि परियोजना अन्तर्गतबाट संचालनका लागि छनौट भएको स्थानमा संचालन गरीनेछ ।

६.२ दुग्ध व्यवसाय संचालन गर्ने स्थान गाउँपालिकाबाट छनौट भएको स्थानको वडा कार्यालय/वडा कृषि बिकास समिति/वडा कृषि तथा पशु सेवा केन्द्रको समन्वयमा संचालन गरी कार्यक्रम गर्नु पर्नेछ ।

६.३ सो स्थानमा रहेको स्थानिय/उन्नत गाई/भैसिँको प्रारम्भिक तथ्याङ्क संकलन गरी सम्बन्धित कार्यालय वा वडा पशु सेवा केन्द्रले अभिलेख राख्नु पर्नेछ ।

**६.४ कृषक छनौट तथा गठन प्रकृया :**

छनौट/निर्धारण भएको स्थान /वडा/टोलबस्तीमा प्रारम्भिक सर्वेक्षण एवं कार्यक्रमको सम्भाव्यता एंव प्राविधिक उपयुक्तता हेरी त्यस क्षेत्रको/समुदाय भित्रका दुध तथा दुग्ध जन्य पदार्थ उत्पादन गर्ने उद्देश्यले संचालन गरेको गाई तथा भैसी पालन व्यवसाय गरेको वा, गर्ने सोच भएका मध्येबाट २० देखि २५ जना कृषक सदस्यहरु छनौट गरी वडा कृषि/पशु सेवा केन्द्रको प्राविधिक सदस्य सचिव रहने गरी समुह गठन गर्नु पर्नेछ ।

**७. कार्यक्रम सञ्चालनका लागि लागत साझेदारी :**

दुग्ध व्यवसाय प्रवर्द्धन कार्यक्रमका लागि पशु सेवा शाखाद्वारा मेसिनरी औजार उपकरण खरिदमा ८० प्रतिशत देखि सत प्रतिशत सम्म अनुदान प्रवाह गर्ने र अन्य गोठ, नश्ल, आहारामा ५० देखि ७५ प्रतिशत सम्म लागत साझेदारीमा कार्यक्रम संचालन गरिनेछ ।

८. कृषकहरुको समूह गठन पश्चात समुह संचालन विधान बनाई समूह पालिकामा दर्ता गर्ने र अध्यक्ष, सचिव, काषाध्यक्ष मध्ये २ जनाको संयुक्त दस्तखतमा समूहको नाममा बैंकमा खाता संचालन गर्नुपर्नेछ ।

९. प्रत्येक कृषक तथा कृषक समूहले स्वीकृत कार्यक्रम इस्टिमेट अनुसार रकम समूहको खातामा अनुदान रकम पेश्की तथा भुक्तानी रकम उपलब्ध गराउने छ ।

१०. गठित समुहका सदस्यहरुलाई पशुपालन सम्बन्धि स्थलगत तालिम आवश्यकता अनुसार दिनु पर्नेछ ।

११. समूहमा आवश्यक पर्ने सामाग्रीहरु (नश्ल,औजार,आहारा आदि) आर्थिक नर्मस अनुसार खरिद गर्न सकिनेछ ।

१२. समुहले पालेका पशुहरुमा आवश्यक पर्ने खोप, परजिवी नियन्त्रण र उपचारको व्यवस्था वडा पशु सेवा केन्द्र र लिम्चुङबुङ गाउँपालिका पशु सेवा शाखाले प्राथमिकतामा राखी व्यवस्था गर्नु पर्नेछ ।

१३. उत्पादनलाई सस्तो र गुणस्तरीय बनाउने उपयुक्त हुने घाँसहरु कोशे अकोसे जस्ता विषयहरुमा समूहले विशेष प्राथमिकतामा दिनेछ ।

**१४. दुध तथा दुग्धजन्य पदार्थ प्रवर्द्धन कार्यक्रम सम्पादन गर्न सम्भावित क्रियाकलापका सूची**

**क) नश्ल सुधार कार्यक्रम**

- कृत्रिम गर्भाधान
- प्राकृतिक गर्भाधान
- उन्नत पशु खरिद वितरण

**ख) असल पशुपालन अभ्यास**

- गोठ निर्माण सुधार
- जैविक सुरक्षा
- पशुपालनमा यान्त्रिकरण

**ग) पशु स्वास्थ्य कार्यक्रम**

- सर्भिलेन्स तथा ईपिडिमियोलोजिकल रिपोर्टिङ्ग
- आन्तरिक तथा बाह्य परजीवि नियन्त्रन र खोप कार्य
- नमुना संकलन तथा रोगको पहिचान र उपचार
- पशु स्वास्थ्य/बाझोपन निवारण शिविर संचालन

**घ) पशु आहार सेवा कार्यक्रम**

- घाँस विकास कार्यक्रम : भुईघाँस, डालेघाँसहरु
- चरन खर्क विकास/सुधार/व्यवस्थापन कार्यक्रम
- घाँसको बीउ उत्पादन तथा आपूर्ति
- UMMB/TMR उत्पादन तथा प्रवर्द्धन
- नर्सरी व्यवस्थापन कार्यक्रम
- आहारा संरक्षण कार्यक्रम : हे, साइलेज वा अन्य
- पशु आहारामा यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम

**ङ) कृषक स्तर तालिम तथा क्षमता अभिवृद्धि**

- कृषक स्तर तालिम कार्यक्रम
- जानकारी मूलक सन्देश प्रकाशन प्रसारण कार्यक्रम

**च) बजार प्रवर्द्धन कार्यक्रम**

- दुग्ध पदार्थ विविधिकरण कार्यक्रम
- दुग्ध संकलन केन्द्र स्थापना कार्यक्रम
- क्यान वितरण
- बजार सूचना प्रणली विकास विस्तार
- चिस्यान केन्द्र स्थापना

**छ) दुग्ध जन्य पदार्थ उत्पादन कार्यक्रम**

- चिस्यान केन्द्र स्थापना
- क्रिम सेपेरेटर मेशिन
- जेनेरेटर
- अन्य आवश्यक औजार

**ज) प्राविधिक सेवा**

- प्रसार कार्यक्रम
- समन्वय सहकार्य कार्यक्रम

**१५. सम्झौता :**

**क)** लिम्चुङबुङ गाउँपालिका पशु सेवा शाखाले अनुसूची-१ बमोजिम समुहसंग सम्झौता गरी कार्यक्रम कार्यन्वयन गरिनेछ ।

**ख)** द्विपक्षिय सम्झौतालाई साझेदारी कार्यक्रम कार्यन्वयनको मूल आधार मानिनेछ ।

**१६. कार्यक्रम बजेट इष्टिमेट तथा अनुदान रकम प्रवाह :**

कार्यक्रम संचालन गा.पा. अन्तर्गतको पशु सेवा शाखाले तयार पारेको बजेट इष्टिमेट अनुसार गर्नु पर्नेछ र अनुदान ग्राहीले गा.पा. बाट पाउने अनुदान रकमबाट ४ प्रतिशत कन्टेन्जेन्सी कटाई रकम प्राप्त गर्नेछन् ।

## परिच्छेद-३
## विविध

**१७. अनुगमन, मूल्यांकन तथा प्रतिवेदन तथा प्रतिवेदन सम्वन्धि व्यवस्था :**

यस कार्यक्रमको अनुगमन लिम्चुङबुङ गाउँपालिका कृषि बिकास समिति तथा पशु सेवा शाखा र वडा कार्यलय तथा पशु सेवा केन्द्रले समेत गर्न सक्नेछ र सोको मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन लगायतका उपलब्धिहरु लिम्चुङबुङ गाउँपललिकाको कार्यलय तथा अध्यक्ष कृषि परियोजनामा पठाउनु पर्ने छ ।

**१८. प्रचलित कानून लागू हुने :**

कार्यक्रम कार्यन्वयनको सम्वन्धमा यस कार्यविधिमा उल्लेख भएको हकमा यसै बमोजिम तथा कार्यविधिमा उल्लेख नभएका कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१९. बाधा अड्काउ फुकाउने :**

१) कार्यविधि कार्यन्वयनको सन्दर्भमा लिम्चुङबुङ गाउँपालिका कार्यपालिकाबाट आवश्यक निर्णय गर्न सकिनेछ ।

२) कार्यविधि कार्यन्वयनमा बाधा अडचन आइपरेमा वा विवाद उत्पन्न भएमा लिम्चुङबुङ गाउँपालिका पशु सेवा शाखाको निर्णय अन्तिम हुनेछ ।

३) कार्यविधिलाई आवश्यकता अनुसार लिम्चुङबुङ गाउँपालिकाको कार्यपालिकाबाट खारेजि वा संशोधन गर्न सक्नेछ ।

### अनुसूचि-१
### दुग्ध व्यवसाय प्रवर्द्धन कार्यक्रम
### कार्यन्वयनको लागि सम्झौता-पत्र ।

लिम्चुङबुङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यलय पशु सेवा शाखा को आ.व. २०.../.... को बार्षिक स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम सञ्चालन गर्न लिम्चुङबुङ गाउँपालिकाको कार्यलय पशु सेवा शाखा, उदयपुर (यस पछि प्रथम पक्ष भनिने) र श्री ................................................................. (यस पछि दोस्रो पक्ष भनिने) बीच कार्यक्रम प्रभावकारी रुपमा संचालन तथा अनुगमन गर्न तपसिल बमोजिमका शर्तहरु पालना गर्ने गरि द्विपक्षिय यो सम्झौता गरीएको छ ।

**तपशिल :**

१.दोस्रो पक्षले कार्यक्रम संचालन समुह भित्रका सबै सदस्यहरुसंग समन्वय गरी कार्यक्रम संचालन गर्नु पर्नेछ ।

२. पहिलो पक्षबाट तपसिल बमोजिमका कार्यक्रम संचालनका लागि पेश्की तथा काम सम्पन्न भए पछि समुहको खातामा एकमुस्ट जम्मा गरिदिने छ ।

| **क.सं.** | कृयाकलाप विवरण | अनुमानित लागत रु. | प्रथम पक्षले व्यहोर्ने रु. | दोस्रो पक्षले व्यहोर्ने रु. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | **जम्मा** | | | |
| अक्षरुपी : | | | | |

३. समुहमा संचालन भएका पशु सेवा कार्यक्रमहरुको पूर्ण जिम्मेवारीका साथ त्यसको कार्यन्वयन, अनुगमन, मूल्याङ्कन आदि नियमित रुपले गर्नु पर्ने छ ।

४. दोस्रो पक्षले प्रथम पक्षबाट प्राप्त अनुदान रकमको कुनै हिनामिना गर्ने छैन । यदि गरेको पाईएमा कानुन बमोजिम सजाय भोग्न तयार हुनुपर्ने छ ।

५. दोस्रो पक्षले पशु बिकास तथा पशु स्वास्थ्य कार्यक्रम सम्बन्धित लिम्चुङबुङ गाउँपालिकाको कार्यलय पशु सेवा शाखा /वडा कार्यलय तथा वडा पशु सेवा केन्द्रको प्रत्यक्ष रेखदेखमा संचालन गर्नु पर्ने छ ।

६. दोस्रो पक्षले समुहमा संचालन भएको कार्यक्रमको गतिबिधि बारे नियमित रुपले प्रत्येक महिना प्रगति प्रतिवेदन पठाउनु पर्ने छ ।

७. दोस्रो पक्षले समुह भित्र पशु सेवा कार्यक्रम सम्बन्धि कुनै समस्या परेमा तुरुन्त प्रथम पक्षलाई जानकारी गराउनु पर्ने छ ।

८. दोस्रो पक्षले पाएक पर्ने नजिकको बैंकमा अध्यक्ष, सचिव, कोषाध्यक्ष मध्ये २ जनाको संयुक्त दस्तखतमा खोलेको खातामा कार्यक्रम संचालन रकम प्रथम पक्षबाट  पेश्की तथा भुक्तानी रकम जम्मा गर्नेछ । सोको जम्मा गरेको भौचर प्रथम पक्षलाई बुझाउनु पर्ने छ ।

९. दोस्रो पक्षले हितकोष स्थापना गरी नियमित रुपमा संचालन गर्न सक्नेछ ।

१०.दोस्रो पक्षले समुह संचालनका लागि विधान तथा निर्देशिका बनाई संचालन गर्नु पर्ने छ ।

११.प्रथम पक्षलाई अनुगमन, निरीक्षणको समयमा सहयोग पुऱ्याउनु दोस्रो पक्षको दायित्व हो ।

१२.प्रथम पक्षबाट समुहमा प्रदान गरिने हरेक कार्यक्रमहरु समुहको निर्णय अनुसार दोश्रो पक्षले संचालन गर्नु पर्ने छ ।

१३.दोस्रो पक्षबाट कार्य सम्पन्न भएपछि भए गरेका कार्यको सक्कलै बिल भर्पाईहरु, सार्वजनिक सुनवाई, समूहको निर्णय समेतका कागजातहरु मिति २०.......महिना....गते भित्रमा पेश्की फछ्र्यौट तथा भुक्तानीको लागि वडा कार्यलय र वडा पशु सेवा केन्द्रको सफिारिस सहित कागजातहरु पेश गर्नु पर्ने छ ।

१४. संचालित कार्यक्रमको प्रगति सन्तोषजनक नपाएमा तोकिएको अवधिसम्म कार्यक्रमलाई निरन्तरता दिन बाध्य हुने छैन ।

१५. कार्यक्रम संचालन तथा यस सम्बन्धि केहि समस्या उत्पन्न भई सम्झौताको कुनै बुँदामा परिवर्तन गर्नु परेमा दुबै पक्षको सहमति र प्रचलित कानून अनुसार हुने छ ।

**दोस्रो पक्षको तर्फबाट :**
हस्ताक्षर :
नाम :
पद :
समुहको नाम :
समुहको छाप :

**प्रथम पक्षको तर्फबाट :**
हस्ताक्षर :
नाम :
पद :
कार्यलय :
कार्यलयको छाप :

आज्ञाले
टार्जन कामर लिम्बु
(प्रमुख प्रशासकीय अधिकृत)

प्रकाशित मितिः २०७८/१०/१०